# राष्ट्रिय जनमोर्चा

**जिल्ला समिति दाङ, देउखुरी**

**बिषय : प्रेस बिज्ञप्ति**

हाम्रो पार्टी राष्ट्रिय जनमोर्चा जिल्ला समिति दाङ देउखुरीको बैठक २०७५ भाद्र ८ गते अध्यक्ष गणेश आचार्यको अध्यक्षतामा घोराहीमा बस्यो । बैठकले गरेका निर्णयहरु सार्वजनिक गर्नको लागी यो प्रेस बिज्ञप्ति जारी गरिएको छ ।

१ अहीले सरकारले गरेको चर्को कर बृद्धिले जनताको ढाड सेक्ने काम गरेको छ । त्यसको मुल कारण भनेकै संघीयता हो । त्यसैले यही भाद्र १५ गते घोराहीमा चर्को कर बृद्धि तथा संघीयताका बिरुद्धमा चर्को कर बृद्धि फिर्ता गर, संघीयता खारेज गर भन्ने मुल नाराका साथ प्रदशर्न तथा बिरोध शभा हुदैछ । उक्त कार्यक्रममा उपस्थितीतिको लागी दाङ बासी सबै मजदुर, किषान, उधोगी, ब्यापारी, शिक्षक, बिधार्थी, बुद्धिजीबि सबै सबैमा हार्दीक अनुरोध गदर्छौ।

२ हामीले पुर्ववत रुपमा संचालन गरेको घरदैलो तथा सदस्यता अभियानको समिक्षा गर्दै भाद्र १५ देखि आस्विन १५ सम्म थप १ महिना उक्त अभियान चलाउने निर्णय भएको छ ।

३ भ्रष्टाचार बिरोधि अभियानलाइ तथ निरन्तरता दिने र खबरदारी पोस्टरलाइ अरु ब्यापक बनाउदै यसको भण्डाफोर गर्ने निर्णय भएको छ । यसमा साथ सहयोग दिन सबैमा अनुरोध छ ।

४ दाङका बाटा तथा पुलहरु समयमा निमार्ण सम्पन्न हुन नसक्दा आम नागरीकहरुलाइ सास्ती बेर्होनु परेको छ , समयमा गन्तब्यमा पुग्न समस्या भएको छ, खोलाले सबारी साधन बगाइरहेको छ , ब्यापार ब्यबसायमा समस्या भएको छ । त्यसैले निर्माणाधिन बाटो तथा पुलहरु यथासिघ्र निमार्ण सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालय र सडक डिभिजन कार्यालयमा ध्यानाकर्षण पत्र बुझाउने धर्ना दिने लगायतका कार्यक्रयहरु आयोजना गरीएको छ ।

५ एकातिर प्राकृतिक श्रोत साधनहरुको अनियन्त्रित दोहन भइरहेको छ भने अर्का तर्फ निमार्ण सामाग्रीहरु उपभोक्ताले सुलभ रुपमा पाइरहेको अबस्था छैन । त्यसैले प्राकृतिक श्रोत साधनहरुको अनियन्त्रित दोहन रोकी बैज्ञानीक उत्खनन्मा जोड दिने निर्णय भएको छ ।

६ स्थानियरुपमा बिकाशका कामहरुमा अनियमित्ता तथा ब्यापक भ्रष्टाचार हुने गरेका जनगुनासा हरु आइरहेका छन । त्यसैले बिकाशमा कामहरुमा पारदर्शीता अपनाउदै भ्रष्टाचार रोक्न ध्यानाकर्षण गरी भण्डाफोर अभियान समेत चलाउने निर्णय भएको छ ।

२०७५ भाद्र ९ गते क्रान्तिकारी अभिबादन सहित

गणेश आचार्य
अध्यक्ष